# शिक्षक सेवा आयोगको अध्यक्ष र एक महिलासहित दुईजना सदस्य नियुक्तिका लागि दरखास्त आह्वानसम्बन्धी सूचना

प्रकाशित मिति २०८३/०४/०१ गते

शिक्षक सेवा आयोगमा रिक्त रहेको अध्यक्ष र एक महिलासहित दुईजना सदस्य नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस समितिद्वारा स्वीकृत "शिक्षक सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८३" बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरूबीच योग्यताक्रम निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई तोकिएबमोजिम आयोगको अध्यक्ष र एकजना महिला सहित दुई सदस्य पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट देहायबमोजिम रीतपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## <u>देहाय</u>

### १. योग्यता तथा अनुभव

शिक्षक सेवा आयोगको अध्यक्ष र एकजना महिला सदस्य सहित दुई जना सदस्य पदमा नियुक्तिको लागि देहायका योग्यता पुगेको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नियुक्ति हुनु भन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) चालीस वर्ष उमेर पूरा भई पैँसठ्ठी वर्ष ननाघेको,

(ङ) कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको।

(च) अध्यक्षको लागि नेपाल सरकारको विशिष्ट श्रेणीको अनुभव प्राप्त गरेको र सदस्यको लागि कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।

### २. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू

उम्मेदवारले दरखास्तका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरू समावेश गर्नुपर्ने छः

(क) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(घ) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधि काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

(ङ) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(च) दरखास्त दिने अन्तिम मितिसम्म पैँसट्ठी बर्ष उमेर पूरा नभएको बेहोरा खुलेको प्रमाण,

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ,

(ज) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(झ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्व:घोषणा,

(ञ) दरखास्त दस्तुर तिरेको रसिद,

(ट) प्रत्येक पदका लागि उम्मेदवारले दरखास्त दस्तुर बापत रु. ५०००/- (पाँच हजार) बुझाउनु पर्नेछ,

(ठ) दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको स्वयम् घोषणा गरेको घोषणापत्र,

(ड) दरखास्त दस्तुर वापत रु.५०००/- शिक्षक सेवा आयोगको कार्यालय कोड न. ३५०२१३३०३, राजश्व शीर्षक नं. १४२२४ मा बुझाएको बैंक भौचर।

**३. अवधारणापत्रसहितको कार्ययोजना देहाय बमोजिम हुनु पर्नेछ:**

(१) उम्मेदवारले दरखास्त साथ संस्थाको अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछ;

(क) ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजना,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,

(ग) कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहितको व्यवसायिक कार्ययोजना ।

(२) पेश गरेको अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरी छुट्टै खाममा शिलबन्दी गर्नुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिको कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरी छुट्टै खाम भित्र राखी शिलबन्दी गर्नु पर्नेछ र दुवै सिलबन्दी गरिएको खामलाई अर्को ठुलो खामभित्र राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(३) अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) पेन ड्राइभ समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

**४. दरखास्त सङ्कलन र मूल्याङ्कन**

(क) दरखास्त सङ्कलनसम्बन्धी कार्य तोकिएको अवधि मिति २०८३ साउन १५ गते कार्यालय समयभित्र समितिको सचिवालय शिक्षक सेवा आयोगबाट हुने छ। (अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको कार्यालय समय भित्र) ।

(ख) रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरुको मूल्याङ्कन "शिक्षक सेवा आयोगका सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८३" मा तोकिए बमोजिम हुनेछ ।

(ग) दरखास्त फाराम शिक्षा तथा खेलकुद मन्त्रालयको वेवसाइट www.moest.gov.np र आयोगको वेब साइट www.tsc.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

(घ) दरखास्तसम्बन्धी कुनै द्विविधा परेमा शिक्षक सेवा आयोगमा सम्पर्क गर्न सकिने छ ।

यो सूचना, कार्यविधि र शिक्षा ऐन, २०२८ शिक्षा तथा खेलकुद मन्त्रालयको वेवसाइट www.moest.gov.np र शिक्षक सेवा आयोगको वेबसाइट www.tsc.gov.np मा उपलब्ध छ ।